पूर्वाञ्चल विश्वविद्यालय

स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरुको

प्रवेश परीक्षा मूल समिति

## प्रवेश परीक्षाको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गत आंगिक एवं सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा संचालित स्नातकोत्तर तहका Master of Computer Application (M.C.A.), M.E. in Earthquake, M.Sc. in Engineering Management, M.Sc. in Information System Engineering, M.Sc. in Meat Technology. M.Sc. in Urban Design & Conservation, M.Sc. in Nutrition & Dietetics, M.Sc. in Agriculture (Agri-Business Management), Masters in Environmental Administration and Management, P.G.D.C.A. (Post Graduate Diploma in Computer Application) शैक्षिक कार्यक्रमकहरुमा शैक्षिक सत्र २०७६/०७७ का लागि नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा संचालन गरिने भएकाले उल्लेखित शैक्षिक कार्यक्रमहरुमा आंगिक एवं सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा आवेदन फारम खुल्ला गरिएकाले भर्ना हुन चाहने इच्छुक आवेदक परीक्षार्थीहरुले सम्बन्धित शैक्षिक संस्थाहरुमा आवेदन फारम भरी बुझाउन सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल :**

१. प्रवेश परीक्षा शुल्क : रु २,०००/- (दुई हजार मात्र)

२. प्रवेश परीक्षा फारम भर्ने/भराउने अन्तिम म्याद :

क) इच्छुक आवेदक परीक्षार्थीहरुले भर्ना हुन चाहेको क्याम्पस र कलेजहरुमा मिति २०७६।१०।१५ गते बुधवारसम्ममा तोकिएको शुल्क एवं आवश्यक कागजातहरु समावेश गरी निर्धारित आवेदन फारम भरी सम्बन्धित क्याम्पस/कलेजमा बुझाइसक्नु पर्नेछ।

ख) सम्बन्धित क्याम्पस/कलेजहरुले मिति २०७६।१०।१७ गते शुक्रवार दिनको ४:०० बजे भित्र आवेदित परीक्षार्थीहरुको आवेदन फारम, आवेदन फारमसगैं सम्बन्धित परीक्षार्थीहरुले बुझाएको आवश्यक शैक्षिक प्रमाणपत्र वा अन्य कागजातहरुलाई क्याम्पस/कलेजबाट प्रमाणित गरी सो को प्रमाणित फोटोकपी आवेदकहरुको नामावली विवरण वर्णानुक्रम (Alphabetical Order) शैक्षिक प्रमाणपत्रहरुको स्पष्ट कुल प्राप्तांक प्रतिशत खुलेको (Pen drive वा CD मा समेत राखी) र नियमानुसारको शुल्क रकम नविल बैंक स्थित पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको खाता नम्बर ०७०६०१०३१०८०३ मा मिति २०७६।१०।१६ गते भित्र जम्मा गरेको सक्कल बैंक भौचर लगायत क्याम्पस र कलेजको आधिकारीक पत्र सहित पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ। साथै दोब्बर दस्तुर तिरी मिति २०७६।१०।२० गते सोमबार सम्ममा सम्बन्धित शैक्षिक संस्था मार्फत परीक्षार्थीले फारम भर्न सकिने छ र सो दोब्बर दस्तुर वापत बुझाएका फारमहरु सम्बन्धित शैक्षिक संस्थाले मिति २०७६।१०।२२ गते बुधबार दिनको ४:०० बजे भित्र पू.वि. परीक्षा व्यवस्थापन कार्यालयमा आइपुग्ने गरी अनिवार्य बुझाई सक्नु पर्ने छ। साथै बैंक भौचर र परीक्षार्थीको संख्या फरक भएको पाइएमा उक्त फारम लिन विश्वविद्यालय बाध्य हुने छैन।

ग) रीत नपुगी आएका आवेदन फारम वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुको परीक्षा रद्द भएमा सो को जिम्मेवार सम्बन्धित परीक्षार्थी वा सम्बन्धित क्याम्पस/कलेज नै हुने छ।

घ) आवेदन फारमको पछाडि पट्टी (सम्बन्धित क्याम्पस/कलेजले अनिवार्य विवरण भरी प्रमाणित गर्नु पर्ने) प्रमाणपत्रहरुको विवरण अनिवार्य रुपमा उल्लेख गरी आवेदकको हस्ताक्षर सहित सम्बन्धित क्याम्पस/कलेजले प्रमाणित गरी पठाउनुपर्ने छ। यसरी प्रमाणित नभएका फारमहरु रद्द गरिने छ र सो को जिम्मेवार सम्बन्धित परीक्षार्थी वा क्याम्पस/कलेज नै हुनेछ।

ङ) सम्बन्धित क्याम्पस/कलेजहरुले आवेदन फारम बुझाउँदा अक्षयकोष बुझाएको प्रमाणपत्र, ठाउँसारी, नाम परिवर्तन, स्वामित्व परिवर्तन गरेको भए सो को स्विकृति पत्र समेत बुझाउनु पर्ने छ।

३. आरक्षित छात्रवृत्ति र सो सम्बन्धी व्यवस्था :

पू.वि. छात्रवृत्ति सम्बन्धी व्यवस्था २०६८ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको र आरक्षित छात्रवृत्तिका लागि निम्न अनुसारको व्यवस्था गर्नु पर्ने छ।

क) प्रत्येक क्याम्पस/कलेजको प्रवेश परीक्षाको आवेदन फारम वितरणसँगै क्याम्पस/कलेजमा एउटा छुट्टै छात्रवृत्ति सेल (इकाइ) खडा गरी र गराई सो मार्फत् इच्छुक आवेदक परीक्षार्थीहरुलाई छात्रवृत्तिको लागि छुट्टै आवेदन फारम वितरण गर्ने वा संकलन गर्ने कार्य गर्नु पर्ने छ।

ख) छात्रवृत्तिका लागि आवेदन गर्न इच्छुक आवेदक परीक्षार्थीहरुले भर्ना हुन चाहेको कलेज/क्याम्पसमा तोकिएको शुल्क सहित छात्रवृत्तिका लागि निर्धारित छुट्टै रंग (निलो) को आवेदन फारम भरी सो का लागि आवश्यक सम्पूर्ण प्रमाणपत्र, सम्बन्धित निकायको सिफारीस एवं अन्य आवश्यक कागजातहरुको सक्कल प्रति संलग्न गरी आवेदन भरी बुझाउनु पर्ने छ।

ग) सम्बन्धित क्याम्पस/कलेजले छात्रवृत्तिका लागि नियमानुसार आवेदन बुझाएका आवेदित परीक्षार्थीहरुको छुट्टै विवरण, आवेदन फारम, आवेदन फारम सगैं सम्बन्धित परीक्षार्थीहरुले बुझाएका आवश्यक शैक्षिक प्रमाणपत्र वा अन्य कागजातहरुको सक्कल प्रति अध्ययन गरी क्याम्पस र कलेजबाटै प्रमाणित गरी सो को विवरण वर्णानुक्रम (Alphabetical Order) शैक्षिक प्रमाणपत्रहरुको स्पष्ट कुल प्राप्ताङ्क, प्रतिशत खुलेको (Pen drive वा CD मा समेत राखी) र नियमानुसारको शुल्क रकम जम्मा गरी सो को सक्कल बैंक भौचर लगायत क्याम्पस/कलेजको आधिकारिक पत्र सहित बुझाउनु पर्ने छ।

४. प्रवेश परीक्षाको मिति, समय र केन्द्र तथा अन्य जानकारी पछि प्रकाशित गरिने छ।

५. पू.बि. को निर्णयानुसार प्रत्येक शैक्षिक कार्यक्रमका लागि न्यूनतम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातक वा सो सरहमा ग्रेडिङ्ग प्रणाली अन्तर्गतमा C+ Grade प्राप्त गरेको हुनु पर्ने र प्राप्तांकको हकमा ५० प्रतिशत अंक ल्याई उत्तिर्ण गरेको हुनुपर्ने छ। साथै प्रवेश परीक्षा सम्बन्धी थप जानकारीका लागि भर्ना हुन चाहेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पस/कलेजमा सम्पर्क राख्न सम्बन्धित सबैमा सूचित गरिन्छ। सो सम्बन्धि जानकारी www.puexam. edu.np मा पनि हेर्न सकिने छ।

...........................

(प्रा.डा. सूर्यप्रसाद संग्रौला)

परीक्षा नियन्त्रक

एवम् संयोजक

प्रवेशपरीक्षा मूल समिति २०७६